# करार शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धि कार्यविधि २०८०

स्वीकृत मिति : २०८०।०५।०७
प्रमाणिकरण मिति : २०८०।०५।२३

**वटेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वटेश्वर ,धनुषा ।**
**मधेश प्रदेश,नेपाल ।**

# प्रस्तावना

व्यक्ति ,समूह ,अभिभावक ,गाउँपालिका ,प्रदेश तथा संघीय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुलाई शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो र गुणस्तरीय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणात्मकता वृद्धिका लागि विद्यार्थी संख्याको आधारमा शिक्षक तथा कर्मचारी दरबन्दि अभाव भएका सामुदायिक विद्यालयहरुलाई गाउँपालिकाबाट स्रोत जुटाई वा कार्यक्रम बनाई अनुदानमा सेवा करारमा लिने तथा नेपाल सरकारबाट स्वीकृत दरबन्दिमा तत्काल स्थायी शिक्षक पदपूर्ति हुन नसकककेको अवस्थामासमेत शिक्षक तथा कर्मचारीहरुको छनौट एवम् सिफारिस पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) को उपदफा ७ र बटेश्वर गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७५ को दफा १९ बमोजिम वटेश्वर गाउँ कार्यपालिकाको मिति २०८०/०९/०१ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम " करार शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धि कार्यविधि २०८०"रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि बटेश्वर गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागु हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **विद्यालय** भन्नाले वटेश्वर गाउँपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेको नेपाल सरकारबाट अनुमति प्राप्त सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

ख) **शिक्षा समिति** भन्नाले वटेश्वर गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

ग) **गाउँपालिका** भन्नाले वटेश्वर गाउँपालिका ,धनुषालाई सम्झनु पर्दछ ।

CamScanner

घ) **कर्मचारी** भन्नाले यस वटेश्वर गाउँकार्यपालिकाले कर्मचारी अभाव भएको विद्यालयमा पालिका वा सम्बन्धित वडाको अनुदानबाट पारिश्रमिक पाउने गरी सेवा करारमा लिइएका विद्यालय सहयोगी तथा विद्यालय सहायकलाई सम्झनु पर्दछ।

घ) **करार शिक्षक** भन्नाले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दि अभाव भई गाउँकार्यपालिका वा सम्बन्धित वडा कार्यालयको आन्तरिक श्रोतबाट करार सेवामा भर्ना भएको शिक्षकलाई सम्झनुपर्दछ।

ङ) **शिक्षा अधिकृत** भन्नाले गाउँपालिकाको शिक्षा शाखामा काम गर्ने अधिकृतलाई सम्झनु पर्दछ।

च) **शिक्षक छनौट समिति** भन्नाले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा सेवा करारमा शिक्षक भर्नाका लागि यस कार्यविधिको दफा (५) को उपदफा (१) बमोजिम गठित समितिलाई सम्झनुपर्दछ।

छ) **विषय विशेषज्ञ** भन्नाले गाउँपालिका/शि.वि.स.इ.मा विषय विशेषज्ञका रुपमा सुचिकृत भएका आधारभुत र माध्यमिक तहका शिक्षकलाई सम्झनु पर्दछ।

३. **कार्यविधिको उद्देश्य** : शिक्षक तथा कर्मचारी दरबन्दि अभाव भएका सामुदायिक विद्यालयमा दक्ष शिक्षक तथा कर्मचारीको माध्यमबाट वटेश्वर गाउँपालिकाका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु, रिक्त दरबन्दिमा समयमै शिक्षक भर्ना गर्नु यस कार्यविधिको उद्देश्य रहेको छ।

## परिच्छेद -२

## अनुमति सम्बन्धि व्यवस्था

४. **दरबन्दि सृजना गरिने** : (१) गाउँपालिकाले नेपाल सरकारको दरबन्दि बाहेक शिक्षक तथा कर्मचारी दरबन्दि अभाव भएका सामुदायिक विद्यालयहरुमा आवश्यकताको आधारमा गाउँकार्यपालिकाको निर्णयानुसार दरबन्दि सृजना गर्नेछ र सोको जानकारी सम्बन्धित विद्यालयलाई गराइनेछ ।

५. **अनुमति लिनुपर्ने** : (१) सृजना भएको दरबन्दिमा विद्यालयबाट वि.व्य.स.को निर्णयसहित भर्नाका लागि अनुमति माग भइ आएमा गाउँकार्यपालिका वा गाउँ शिक्षा समितिको निर्णयानुसार भर्ना गर्नका लागि अनुमति प्रदान गरिनेछ। नेपाल सरकारको रिक्त स्थायी दरबन्दिमा विद्यालयबाट वि.व्य.स.को निर्णयसहित भर्नाका लागि अनुमति माग भई आएमा गाउँपालिकाले सो दरबन्दि समेतमा करार शिक्षक भर्नाका लागि अनुमति दिनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयले आफ्नो आन्तरिक श्रोतबाट शिक्षक/कर्मचारी भर्ना गर्न चाहेमा समेत गाउँपालिकालाई पूर्व जानकारी गराई अनुमति लिएपश्चात मात्र भर्ना गर्न पाउनेछन् ।

## परिच्छेद -३

## करार शिक्षक/कर्मचारी छनौट तथा सफारिस समितिसम्बन्धि व्यवस्था

६. **करार शिक्षक/कर्मचारी छनौट तथा सिफारिस समिति :** (१) सामुदायिक विद्यालयमा करार शिक्षक/कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न सम्वन्धित विद्यालयमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

ख) गा.पा./शि.वि.स.इ.को विषयविज्ञ रोष्टरमा सूचिकृत भएका सम्बन्धित तह र विषयको उपलब्ध भएसम्म एक जना महिला पर्नेगरी वि.व्य.स.ले मनोनित गरेको २ जना विषयको विज्ञ - सदस्य

ग) गाउँपालिकाको शिक्षा शाखा प्रमुख (अधिकृत स्तर ) - सदस्य

घ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१ग) बमोजिमको अधिकृत स्तरको कर्मचारी उपलब्ध नभएमा गाउँपालिकाले शिक्षा शाखामा कार्यरत पाँचौ तहका कर्मचारीलाई पठाउन सक्नेछ । सो समेत उपलब्ध नभएको खण्डमा गाउँपालिकाको अधिकृत स्तरको जोसुकै कर्मचारीलाई खटाउन सक्नेछ ।

(३) छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(४) छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) छनौट तथा सिफारिस समितिले लिने परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) शिक्षक छनौट समितिको बैठक तथा सिफारिस सम्वन्धि अन्य प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -४

## शिक्षक/कर्मचारी नियुक्ति सम्बन्धि व्यवस्था

७. **गा.पा.ले सृजना गरेको दरबन्दिको हकमा :** (१) दफा ५ को उपदफा (१) बमोजिमको समितिले शिक्षक छनौट गर्दा लिखित,अन्तरवार्ता र आवश्यकताअनुसार प्रयोगात्मक सबै किसिमको परीक्षा लिई तोकिएको न्युनतम प्राप्ताङ्क भन्दा बढी अंक प्राप्त गर्नेहरुमध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको वैकल्पिक उम्मेदवार सहितको नियुक्तिका लागि नामावली प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित उम्मेदबारको नामवलीमध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई दफा ५(१) बमोजिमको समितिले विद्यालय व्यवस्थापन समितिमा करार सेवामा नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका उम्मेदवारलाई विद्यालयले नियुक्ति दिनुपर्नेछ । सिफारिस भएका उम्मेवारहरुले सिफारिस भएको मितिले बढीमा ७ ( सात) दिनभित्र सम्बन्धित विद्यालयबाट नियुक्ति पत्र बुझि हाजिर हुनुपर्नेछ र सिफारिस भई आएको शिक्षकसँग विद्यालयले करार सम्झौता गरी नियमित कामकाज गर्न लगाई विद्यालयका प्रधानाध्यापकले सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

(४) दफा ५ (१) बमोजिमको समितिबाट सिफारिस भई नियुक्त भएको शिक्षकको पद राजिनामा दिई वा पद आचारण बाहेकको गलत क्रियाकलाप गरी कारबाहीमा परि स्थान रिक्त हुन गएमा छ महिनाको अवधिभित्र सो समितिले करार शिक्षक तथा कर्मचारी सिफारिस गर्ने प्रयोजनका लागि उपदफा (१) बमोजिम वैकल्पिक सूचीमा रहेको मध्येबाट विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार नियुक्ति दिनेछ।

(५) यस अघि सम्बन्धित विद्यालयको श्रोतबाट सेवा सुविधा पाउने गरी नियुक्त भई हालसम्म अविच्छिन्न रुपमा सोही विद्यालयमा कार्यरत शिक्षकहरुले अन्य आवश्यक मापदण्ड पुरा गरेको हकमा अन्तर्वातामा प्रति शैक्षिक सत्र २ अंकका दरले बढीमा १० अंकप्राप्त गर्नेछन् ।

(६) उपदफा (१ङ) बमोजिमको अंक प्राप्त गर्ने सम्भावित उम्मेदवारहरुले अनिवार्य रुपमा सम्बन्धित विद्यालयबाट सेवा प्रमाणितको कागजात पेश गर्नुपर्नेछ।

(७) गाउँपालिकाको अनुदानबाट छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त शिक्षक तथा कर्मचारीको करार अवधि सुरुमा बढीमा एक आर्थिक वर्षको लागि हुनेछ। शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन

मुल्याङ्कनको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार गाउँपालिकाले करार थप गर्न वा नगर्न सक्नेछ । साथै यस प्रकृयाबाट सेवा करारमा नियुक्त गरिएका शिक्षक कार्यरत विद्यालयमा शिक्षक सेवा आयोग मार्फत स्थायी शिक्षक सिफारिस भई आएमा तथा करार सेवामा नियुक्त शिक्षकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसंगको करार जुनसुकै बेला विद्यालयले भंग गर्न सकिनेछ ।

८. **नेपाल सरकारको स्वीकृत दरबन्दिको हकमा** :(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दिमा स्थायी शिक्षक नियुक्त हुन नसकी तत्कार शिक्षक नियुक्ति गर्नुपरेमा वि.व्य.स.ले शि.वि.स.इ.मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूचि प्राप्त गर्नुपर्नेछ र सोको बोधार्थ गाउँपालिकालाई दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त सूचिमा रहेका उम्मेदवारहरुबाट वि.व्य.स.ले बढीमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्त गर्न सक्नेछन् ।

(३) उपदफा १ बमोजिम आयोगबाट प्रकाशित सूचिमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचिमा समावेश भएका उम्मेदवारको शिक्षक पदमा नियुक्ति हुन निवेदन नपरेमा वि.व्य.स.ले छनौट समितिंको सिफारिसमा बढीमा एक शैक्षिक सत्रका लागि कुनै व्यक्तीलाई करारमा शिक्षक नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम शिक्षक नियुक्तिका लागि गएिको विज्ञापनको सूचना शि.वि.स.इ.,गाउँपालिका,सम्बन्धित वडा कार्यालयमा टाँस गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नुपर्नेछ

(६) विद्यालयले यस कार्यविधि बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शि.वि.स.इ.र गाउँपालिकालाई दिनुपर्नेछ ।

(७) उपदफा २ वा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा शिक्ष नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पदपूर्ति नभएमा वि.व्य.स. ले यसरी पदपूर्ति नभएसम्मका लागि एकपटकमा छ महिना नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(८) उपदफा ७ बमोजिम म्याद थपिएको जानकारी विद्यालयले शि.वि.स.इ. र गाउँपालिकालाई दिनु पर्नेछ ।

(९) यस कार्यविधि बमोजिम प्रक्रिया नपुर्याइ शिक्षक नियुक्त गरेमा गाउँपालिकाले त्यस्तो नियुक्ति बदर गर्नुपर्नेछ ।

CamScanner

(१०क) विद्यालय कर्मचारीको दरबन्दि रिक्त रहेको खण्डमा विद्यालयले सेवा गर्ने सम्बन्धि प्रचलित कानुनको अधिनमा रहि कार्यविधि बनाउनुपर्नेछ ।

(१०ख) उपदफा (१०क) बमोजिम बनाएको कार्यविधि विद्यालयले गाउँपालिका र शि.वि.स.इ.मा पेश गर्नुपर्नेछ र सो कार्यविधि गाउँपालिका र शि.वि.स.इ.को अभिलेखमा दर्ता भएपछि कार्यान्वयन हुनेछ ।

(१०ग) विद्यालयले कुनै कर्मचारी नियुक्त नगरी त्यस्तो कर्मचारीले गर्ने कार्य कुनै शिक्षकद्वारा गराउन सक्नेछ ।

(१०घ) उपदफा (१०ग) बमोजिम काममा लगाइएको शिक्षकलाई वि.व्य.स.ले तोके बमोजिम भत्ता दिइनेछ ।

९. **अनुदान उपलब्ध गराइने** : (१) दफा ६ बमोजिम नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको विद्यालयले पेश गरेको माग फारम, हाजिरी लगायत अन्य प्रमाणित कागजातको आधारमा यसै कार्यविधि बमोजिम गाउँपालिकाले देहाय बमोजिम तहगत रुपमा त्रैमासिक अनुदान उपलब्ध गराइनेछ ।

| | | |
|---|---|---|
| क) मा.वि.तह (९-१०) | - २५०००।- | ( मासिक ) |
| ख) आधारभूत तह (६-८) | - १६५००।- | ( मासिक ) |
| ग) आधारभूत तह (१-५) | -१४५००।- | ( मासिक ) |
| घ) विद्यालय सहायक | -२००००।- | ( मासिक ) |
| ङ) विद्यालय सहयोगी | -९०००।- | ( मासिक ) |
| च) बालविकास सहजकर्ता | -१००००।- | ( मासिक ) |

तर दफा ७ बमोजिम नियुक्त भएका शिक्षकको हकमा नेपाल सरकारले तोकेबमोजिम तलब भत्ता उपलब्ध गराइनेछ ।

(२) उक्त शिर्षकमा निकासा भएको अनुदान रकम अन्य शिर्षकमा खर्च गर्न पाउने छैन ।

## परिच्छेद -४

## विषय विशेषज्ञको सुची तयार गर्ने

१०. **विषय विशेषज्ञको छनौट सम्बन्धि व्यवस्था** : (१) गाउँपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयको आधारभूत तथा माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरुबाट आवश्यक पर्ने विज्ञहरुको आवश्यक योग्यता निर्धारण गरी ७ (सात) दिनको म्याद राखि विषय विज्ञको रुपमा सुचिकृत हुने सूचना प्रकाशन

गरी प्राप्त निवेदनमध्ये गाउं शिक्षा समितिद्वारा विज्ञको अन्तिम सूची बनाई प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत भएका विषय विज्ञहरु उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन गरिएको ३ (तिन) दिन भित्र आवश्यक सबुत प्रमाण सहित. गाउँकार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

(३) शिक्षक छनौट तथा सिफारिसका लागि लिइने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको. ढाँचा अनुसार प्रश्नपत्र तयार गर्ने काम सूचीकृत विषय विशेषज्ञ मार्फत हुनेछ ।

(४) परीक्षा सञ्चालनका लागि लाग्ने लागत/खर्च सम्बन्धित विद्यालयले नियमानुसार व्यवस्था गर्नुपर्नेछ ।

११. **विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा गाउँपालिकाको अनुदानमा कार्यविधिको दफा (४) बमोजिमको समितिले करार सेवाद्वारा विषय विज्ञ शिक्षकको छनौट र सिफारिस गर्दा आवश्यक पर्ने विषय विज्ञ शिक्षक हुनको लागि न्युनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

(क) आधारभुत (प्रा.वि. र नि.मा.वि.) तह :

शैक्षिक योग्यता : सम्बन्धित विषयमा शिक्षा संकायमा स्नातक तह वा सो सरह. उत्तिर्ण,

शिक्षण अनुभव : शिक्षक सेवा आयोगको परीक्षा पास गरी स्थायी भइ कम्तिमा. २ वर्ष अध्यापन गरेको,

(ख) माध्यमिक (कक्षा ९-१२.) तह :

शैक्षिक योग्यता : सम्बन्धित विषयमा कम्तिमा द्धित्तीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण, (अन्य संकांयमा स्नातकोत्तर गरेको भएमा एक वर्षे बि.एड. गरेको हुनुपर्ने) ।

शिक्षण अनुभव : मा.वि. तहको शिक्षक सेवा आयोगको परीक्षा पास गरी स्थायी. भइ कम्तिमा २ वर्ष अध्यापन गरेको,

तर अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि प्राविधिक धारका शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रुपमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले आवश्यक पदको न्यूनतम योग्यता पुगेका

CamScanner

व्यक्तिहरु मध्येबाट तोक्न सक्नेछ । गाउँपालिका क्षेत्रभित्र विषय विज्ञको रोष्टर बनाउँदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय ईकाई, धनुषा वा अन्य स्थानीय तहमा रहेका विषय विशेषज्ञ लिई परीक्षा संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद -५

## विविध

**१२. शिक्षक छनौट समितिको भत्ता सम्बन्धि व्यवस्था :** (१) छनौट तथा सिफारिस समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक. रु. १०००/- (एक हजार रुपैयाँमात्र) भन्दा बढी बैठक भत्ता लिन पाउने छैन । तर उत्तर पुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण बापत, बालविकास केन्द्र, आधारभुत र माध्यमिक तहको हकमा क्रमश: रु.५०००/- (पाँच हजार), रु. ६०००/- (छ हजार) र रु. ७०००/-(सात हजार) सम्म प्रतिविषय विज्ञ शिक्षक अतिरिक्त पारिश्रमिक बापत दिन बाधा पर्नेछैन । यसरी दिईने पारिश्रमिक सम्वन्धित विद्यालयले बेहोर्नुपर्नेछ ।

**१३. बिदा सम्बन्धि व्यवस्था :** (क) कार्यविधि बमोजिमको करारमा भर्ना भएका शिक्षक तथा कर्मचारीहरुको नेपाल सरकारको राजपत्रमा प्रकाशित सार्वजनिक . बिदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी र पर्व बिदा मात्र पाउनछन् ।

**१४. संशोधन र बाधा अडकाउ फुकाउ :** (१) यस कार्यविधिमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१५. खारेजी र बचाउ :**(१) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

(३) करारमा शिक्षक भर्नासम्बन्धि कार्यविधि २०७७ खारेज गरिएको छ तथा उत्त कार्यविधि बमोजिम नियुक्त भएका शिक्षक तथा कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ।

समाप्त

CamScanner